आज मिति २०८३/०५/२३ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५९औं बैठकमा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री ईश्वर नारायण मानन्धर................नगर प्रमुख

श्री कमला बस्नेत ........................नगर उपप्रमुख

श्री विष्णु प्रसाद सुवेदी ..............प्रमुख प्रशासकीय अधिकृत

श्री माधव थामी ............................वडा अध्यक्ष भी.न.पा. १

श्री स्टालिन श्रेष्ठ ........................ ...वडा अध्यक्ष भी.न.पा. २

श्री हरिशरण शिवाकोटी ......... .....वडा अध्यक्ष भी.न.पा. ३

श्री तारानाथ चौलागाई ............. ... वडा अध्यक्ष भी.न.पा. ४

श्री बासु श्रेष्ठ ................ ...... .... वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................... वडा अध्यक्ष भी.न.पा. ६

श्री बिनोद तामाङ .. ............. ....... वडा अध्यक्ष भी.न.पा. ७

श्री काजी बुढाथोकी . ..................... वडा अध्यक्ष भी.न.पा. ८

श्री हिमाल श्रेष्ठ ............................ वडा अध्यक्ष भी.न.पा. ९

श्री गोपाल बहादुर थामी .................. कार्यपालिका सदस्य

श्री मुना श्रेष्ठ .................................. कार्यपालिका सदस्य

श्री गोरे बहादुर सार्की .......................कार्यपालिका सदस्य

श्री मिना बिश्वकर्मा ...........................कार्यपालिका सदस्य

श्री सुशिला थापा ............ ..................कार्यपालिका सदस्य

श्री खेम कुमारी श्रेष्ठ .........................कार्यपालिका सदस्य

श्री भीम बहादुर भुजेल ............ ...... कार्यपालिका सदस्य

श्री किरण वली............................... कार्यपालिका सदस्य

भीमेश्वर नगरपालिक
नगर कार्यपालिकाको ५९ औं बैठकका प्रस्तावहर
मिति : २०८३/०५/२:

**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : भोटेकोशी नदीमा आएको विनासकारी बाढीमा परी मृतक प्रति शोक प्रस्ताव सम्वन्धमा ।

प्रस्ताव नं. २ भोटेकोशी नदीमा आएको विनासकारी बाढीबाट प्रभावित परिवारहरुलाई आर्थिक सहयोग सम्वन्धमा

प्रस्ताव नं. ३ : प्रदेश सरकारको विशेष अनुदान कार्यविधि संशोधन सम्वन्धमा ।

प्रस्ताव नं. ४ : विपन्न नागरिक परिचय पत्र वितरण सम्वन्धमा ।

प्रस्ताव नं. ५ : शिक्षा योजना निर्माणका लागि निर्देशक समिति गठन सम्वन्धमा ।

प्रस्ताव नं. ६ : विद्यालयमा स्मार्ट बोर्ड खरिद गर्न प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : विद्यालयहरुमा प्रचलित कानून बमोजिम प्रधानाध्यापकको छनौट तथा नियुक्ति गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ८ : मानव अधिकार समन्वय समिति गठन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ९ : मानव अधिकार अनुगमन समिति गठन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १० : पोषण सहजकर्ताको लिखित परीक्षाको लागि लिन पाठ्यक्रम स्वीकृत गरी संशोधित सूचना प्रकाशन गर्ने ।

प्रस्ताव नं. ११ : सुष्पाक्षमावती स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना गर्ने सम्वन्धमा ।

प्रस्ताव नं १२ DPR समवन्धमा

प्रस्ताव नं. १३ : महांकाल भगवती मन्दिर परिसरंमा ट्रस निर्माण सम्वन्धमा

प्रस्ताव नं. १४ : यस नगरपालिकाको तपसिलका कार्यविधि स्वीकृत सम्वन्धमा ।

क) विवाह जोडी प्रोत्साहन कार्यविधि, २०८३

ख) अविवाहित महिला जीविकोपार्जन सहयोग कार्यविधि, २०८३

प्रस्ताव नं. १५ : चरिकोट बसपार्क साझेदारीमा सन्चालन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १६ : भीमेश्वर गोल्डकप कप (फुटबल) प्रतियोगिता सन्चालन सम्वन्धमा ।

प्रस्ताव नं. १७ : विविध सम्वन्धमा :

क) माग सम्वन्धमा ।

ख) पाठेघरको मुखको क्यान्सरउपचार सहयोग कार्यविधि सम्वन्धमा ।

ग) फिल्डमा खटिने कर्मचारीहरुको ईन्धन सुविधा सम्वन्धमा ।

घ) पाठेघरको मुखको स्क्रिनिंग शिविरको खाजा खर्च सम्वन्धमा ।

ङ) सेफ हाउसलाई पानी ट्यांकी व्यवस्थापन सम्वन्धमा ।

च) खानेपानी संस्थाहरुको साधारण सभा सम्वन्धमा ।

छ) आयोजना रकमान्तर/शिर्षाकान्तर सम्वन्धमा ।

विष्णु प्रसाद सुवेदी

नारायण मानन्धर

निर्णय नं. १ : मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको जनधन क्षतिप्रति भीमेश्वर नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ । बाढीमा परी ज्यान गुमाउनु हुने सम्पूर्ण नागरिकप्रति भावपूर्ण श्रद्वान्जली तथा शोकसन्तप्त परिवारजनमा भावपूर्ण समवेदना सहित विशेष प्रस्तावको रुपमा शोक प्रस्ताव पारित गर्ने, साथै उक्त बाढीबाट घाइते हुनु भएका सम्पूर्ण नागरिकप्रति शिघ्रस्वास्थ्य लाभको कामना व्यक्त गर्ने ।

निर्णय नं. २ : मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरुको उद्वार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग पुगोस् भन्ने उदेश्यले यस नगरपालिका अन्तर्गत कार्यरत राष्ट्रसेवकहरुको तर्फबाट योगदान गर्न श्रेणीविहिन कर्मचारीबाट मासिक सुरु तलव स्केलको २ दिनको, सहायकस्तर कर्मचारी वा सो सरह कर्मचारीबाट ५ दिनको, अधिकृतस्तर र राजपत्रांकित द्वितीय वा सो सरहका कर्मचारीबाट ७ दिनको र यस पालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु तर्फ उल्लेखित श्रेणी बमोजिम तथा जनप्रतिनिधिहरुको तर्फबाट खाईपाई आएको सुविधाको ७ दिन बराबरको २०८३ भाद्र महिनाको मासिक तलव/पारिश्रमिक भुक्तानी गर्दा कट्टा गरी जम्मा हुन आउने कुल रकम रु ३५,६२,५७९/- (पैत्तिस लाख वैसठ्ठी हजार पाँच सय उन्नस्सी) बाट रु ३०,६२,५७९/- (तीस लाख बैसठ्ठी हजार पाँच सय उन्नस्सी) प्रधानमन्त्री दैवी प्रकोप उद्वार कोषको खातामा जम्मा गर्न कार्यालयलाई निर्देशन दिने । तथा यस नगरपालिकामा स्थायी बसोबास गर्ने नागरिकहरु समेत प्रभावित भई ज्यान गुमाएका तथा वेपत्ता भएका नगरवासीहरुलाई मृतकको हकमा घटनास्थलको मुचुल्का, सामाजिक परम्परा अनुसारको काज किरिया बसेको प्रमाण र मृत्युदर्ता तथा वेपत्ता भएका व्यक्तिहरुको हकमा नेपाल सरकारले प्रमाणित गरेको वेपत्ता भएका व्यक्तिहरुको सूचीको आधारमा राहत स्वरूप माथि उल्लेखित तलव/पारिश्रमिकको कट्टा गरेको बाँकी रकम रु ५,००,०००/- (पाँच लाख ) बाट र नपुग रकम भीमेश्वर नगरपालिकाको सि.नं.१८८ को विपद व्यवस्थापन कोषबाट प्रति परिवार रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने साथै सोही विपदबाट घाइते हुनुभएकालाई प्रमाणित कागजातका आधारमा जनही रु २५,०००/- (पच्चीस हजार) सोही सि.नं. बाट उपलव्ध गराउने ।

निर्णय नं. ३ : आ.व. २०८२/०८३ को प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत गरिवी न्यूनीकरणका लागि विपन्न नागरिक आयआर्जन कार्यक्रम कार्यान्वयनका लागि वास्तविक विपन्न छनौट कार्य, हरेक विपन्नको फरक फरक व्यवसायमा रुची, त्यसै अनुसार फरक फरक तालिम/अभिमुखिकरणको व्यवस्थापन गर्नुपर्ने र सोहि अनुसार फरक फरक वस्तु/सेवा खरिद गर्नुपर्ने देखिएकाले प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७७ बमोजिम ठेक्का मार्फत गर्न व्यवहारिक कठिनाई हुने देखिएकाले सो व्यवस्था संशोधन गरी व्यक्ति/संस्था/कृषि सहकारी छनौट गरी निजहरुको मागको आधारमा कार्यक्रम सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाई सहयोग गरिदिन प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं. ४ : भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहमा गरिव परिवार पहिचान तथा राज्य सुविधा परिचय पत्र वितरण कार्यक्रमका लागि यस नगरपालिकामा प्राप्त राज्य सुविधा परिचय पत्रहरु हाल सम्म वितरण नभएकोमा मन्त्रालयबाट उपलव्ध भएको गरिव परिचय

पत्र (राज्य सुविधा परिचय पत्र) सूचीलाई सम्वन्धित वडाले वास्तविक विपन्नताको अवस्थालाई मध्यनजर गरी गरिव परिचय पत्र (राज्य सुविधा परिचय पत्र) वितरण गर्ने ।

निर्णय नं. ५ : यस नगरपालिकाको १० वर्षे शिक्षा योजना निर्माणमा सहजीकरण गर्न नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय निर्देशक समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| संयोजक | श्री ईश्वर नारायण मानन्धर | नगर प्रमुख |
| सदस्य | श्री कमला बस्नेत | नगर उपप्रमुख |
| सदस्य | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री स्टालिन श्रेष्ठ | सामाजिक विकास समिति/संयोजक |
| सदस्य | श्री तारानाथ चौलागाईं | वडाअध्यक्ष, वडा नं. ४ |
| सदस्य सचिव | श्री धर्मिला कार्की | विद्यालय निरीक्षक |

निर्णय नं. ६ : आ.व. २०८३/०८४ मा भीमेश्वर नगरपालिकाको सि.नं. १३५ को प्रविधिमा आधारित शिक्षण सिकाई प्रवर्द्धन कार्यक्रमको रु ३०,००,०००/- (तीस लाख), सङ्घीय सरकार हस्तान्तरित कार्यक्रममा विनियोजित रकम मध्ये रु १८,००,०००/- (अठार लाख) र बजेट सि.नं. १५१ बाट रु ९,००,०००/- (नौ लाख) गरी कुल जम्मा रकम रु ५७,००,०००/- (सन्ताउन्न लाख) बाट यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक माध्यमिक र आधारभूत विद्यालयहरुको लागि स्मार्ट बोर्ड उपलव्ध गराउन लागत अनुमान तयार गर्न दररेट मागको सूचना जारी गरी नियमानुसार खरिद प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. ७ : यस नगरपालिका क्षेत्र भित्र रहेका सबै सामुदायिक विद्यालयहरु शिक्षा नियमावली २०५९ (दशौ संशोधन) को नियम ९३ अनुसार प्रधानाध्यापक छनौट/नियुक्त भए/नभएको सन्दर्भमा सामुदायिक विद्यालयहरुलाई हाल कार्यरत प्रधानाध्यापकहरुको योग्यता, सेवा अवधि, कार्यरत तह समेतका विवरण ३ दिनभित्र उपलव्ध गराउन परिपत्र गर्ने ।

निर्णय नं. ८ : मानव अधिकार सम्वन्धी छैटौ राष्ट्रिय ३ वर्षे कार्ययोजना (आ.व. २०८३/८४-२०८७/८८) कार्यान्वयन सुनिश्चितताको लागि नगर प्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको समन्वय समितिको गठन गर्ने ।

संयोजक श्री ईश्वर नारायण मानन्धर नगर प्रमुख
सदस्य श्री कमला बस्नेत नगर उपप्रमुख
सदस्य श्री वडा अध्यक्षहरु सबै
सदस्य श्री चिरन्जीवी मास्के नागरिक समाज, दोलखा
सदस्य श्री नागरिक समाज, दोलखा
सदस्य श्री
सदस्य श्री प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, दोलखा
सदस्य-सचिव श्री विष्णु प्रसाद सुवेदी प्रशासकीय अधिकृत, भीनपा

निर्णय नं. ९ : व्यवसाय र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना (२०८०/८१-२०८४/८५) कार्यान्वयनको लागि नगर उपप्रमुखको संयोजकत्वमा तपसिल बमोजिमको अनुगमन र मूल्यांकन समितिको गठन गर्ने ।

तपसिल

संयोजक श्री कमला बस्नेत नगर उपप्रमुख

सदस्य प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ र महिला उद्यमी महासंघका प्रतिनिधिहरु

सदस्य : समितिले तोकेको मानव अधिकारकर्मी एक जना

सदस्य समितिले तोकेको श्रमिक संगठनको प्रतिनिधि एक जना

सदस्य सचिव : श्री विष्णु प्रसाद सुवेदी प्रमुख प्रशासकीय अधिकृत, भीनपा

निर्णय नं. १० : यस कार्यालयमा रिक्त पोषण सहजकर्ता पद १ पदपूर्तिका लागि मिति २०८३/०५/०३ गते कार्यविधि बमोजिम अन्तर्वार्ताबाट पदपूर्ति गर्ने भनी सूचना प्रकाशन भएकोमा खुला प्रतिस्प्रधालाई सुनिश्चित गरी योग्यतम उम्मेदवार छनौट गर्नुपर्ने भएकोले स्वास्थ्य शाखाबाट पेश भएको लिखित परिक्षाको पाठ्यक्रम र सो को अंकभार स्वीकृत गर्ने र सोहि बमोजिमको सुचना संशोधन गरी प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ११ : दोलखा स्वास्थ्य चौकी, भीनपा २, दोलखामा २४ घन्टे प्रसुती सेवा केन्द्रको सुविधा सहितको सेवा उपलव्ध हुदै आएकोमा उक्त स्वास्थ्य चौकी नजिकै दोलखा धुलिखेल अस्पतालमा CEONC सेवा सन्चालन रहेकोले उक्त दोलखा स्वास्थ्य चौकीमा २४ घन्टे प्रसुती सेवा केन्द्रमा सेवाग्राहीको चाप अत्यन्तै न्यून रहेको हुँदा उक्त प्रसुती केन्द्रलाई बन्द गर्ने र वडा नं. १ मा रहेको सुष्पाक्षमावती स्वास्थ्य चौकीमा २४ घन्टे प्रसुती सेवा केन्द्र स्थापना गरी सन्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. १२ : भीमेश्वर नगरपालिका वडा नं. ५ स्थित धरमघरमा रहेको बुढाभिमसेन मा.वि. को सबै भवनहरु जीर्ण भएको हुँदा नयाँ बिद्यालय भवन निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) बनाउन नगरपालिकाले सहयोग गर्ने ।

निर्णय नं. १३ : भीमेश्वर नगरपालिका वडा नं. ५ मा रहेको प्रशिद्व महांकाल भगवती मन्दिर परिसरमा श्रद्वालु तथा भक्तजनको सुविधाको लागि १ वटा ट्रस र ढुङ्गा बिछ्याउने कार्य अति आवश्यक देखिएको हुँदा ट्रस निर्माण तथा ढुङ्गा बिछ्याउने कार्यका लागि सि.नं. ३१ बाट रु ५,००,०००/- (पाँच लाख) उपलव्ध गराउने ।

निर्णय नं. १४ : यस नगरपालिकाको तपसिलको कार्यविधि अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा स्वीकृत गर्ने ।

क) विवाह जोडी प्रोत्साहन कार्यविधि, २०८३

ख) अविवाहित महिला जीविकोपार्जन सहयोग कार्यक्रम, २०८३

निर्णय नं. १५ : भीमेश्वर नगरपालिका वडा नं. ३ लामाचौरस्थित चरिकोट बसपार्क सन्चालनका लागि (शौचालय, यात्रु प्रतिक्षालयजस्ता) आवश्यक संरचनाहरु नगरपालिकाबाट ६० प्रतिशत र सरोकारवाला पक्षबाट ४० प्रतिशत व्यहोर्ने गरी लागत साझेदारीमा निर्माण गरी बसपार्क सन्चालन गर्न सम्वन्धित सरोकारवाला पक्षहरुसँग छलफल गर्ने ।

निर्णय नं. १६ : यस नगरपालिकाको स्वीकृत कार्यक्रमको सि.नं. १४८ मा रहेको भीमेश्वर गोल्डकप प्रतियोगिता मा विनियोजित रकमबाट यस नगरपालिकाको आयोजनामा चरिकोटस्थित भीमेश्वर रङ्गशालामा मिति २०८३ कार्तिक १४ गतेदेखि खुल्ला भीमेश्वर कप फुटबल प्रतियोगिता, २०८३ सन्चालन गर्ने ।

निर्णय नं. १७ विविध

क) भीमेश्वर नगरपालिकाको आ.व. २०८३/०८४ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वायन गर्न आगामी नगरसभामा पेश हुनेगरी अनुमोदन गराउने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

| | योजना तथा कार्यक्रमको नाम र ठेगाना | माग गर्ने निकाय/व्यक्ति | शीर्षक नं. | रकम रु |
|---|---|---|---|---|
| | दोलखा नेवारी भाषा प्रवर्द्धन कोर्यक्रम | ग्रामिण सामुदायिक विकास परिषद्, | ६८ | ५०,०००/- |
| | खाजा खर्च (स्वास्थ्य कार्यक्रम) | दोलखा स्वास्थ्य चौकी | १६८ | ५०००/- |
| | फासेलुंग पानीको धारा पाठक टोल गोरेटो बाटो | उपभोक्ता समिति | ३५१ | ५००००/- |
| | उपचार खर्च | ईन्द्र बहादुर बस्नेत, भीनपा ५ (बाथरोगबाट पिडित) | १७ | १००००/- |
| | काज किरिया खर्च | चेत कुमारी खड्का, भीनपा ५ (विपन्न) | ९३ | १००००/- |
| | थाङ्नेखोला र अधेरी खोलामा काठे पुल हाल्ने कार्य | १ नं. वडा कार्यालय, सुष्पाक्षमावती | ६८ | २५०००/- |
| | ११औं अन्तराष्ट्रिय तेक्वान्दो प्रतियोगिता, मंगोलियामा सहभागि | शेखर थापा , भीनपा ५ | ९३ | २५०००/- |
| | मृगौला पिडित उपचार खर्च | कृष्ण वहादुर श्रेष्ठ, भीनपा २ | १७ | २५०००/- |
| | महांकाल मन्दिर परेवा चारो व्यवस्थापन | चन्द्र बहादुर थापा, भीनपा ५ | ४६ | १००००/- |
| | साँस्कृतिक जात्रा सन्चालन तथा व्यवस्थापन | लालीगुराँस युवा क्लव, भीनपा | ४६ | ३,००,०००/ |

ख) यस नगरपालिकाको कार्यालय अन्तर्गत फिल्डमा खटिने कर्मचारीहरुलाई न्यायचित हुने गरी ईन्धन सुविधा उपलव्ध गराउन मापदण्ड निर्माण गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

ग) यस नगरपालिकालाई आवश्यक महिलाको पाठेघरको मुखको क्यान्सर उपचार सहयोग कार्यविधि निर्माण गरी आगामी कार्यपालिकामा पेश गर्ने ।

घ) भीमेश्वर नगरपालिका वडा नं. ७ मकैवारीमा मिति २०८३/०४/३० मा सन्चालन भएको महिलाको पाठेघरको मुखको स्क्रिनिंग शिविरमा खटिने स्वास्थ्यकर्मी तथा स्वयम्सेवकलाई बास, खाना र खाजा व्यवस्थापन गरे वापत रु २५,०००/- (पच्चीस हजार) सि.नं. ६० बाट उपलव्ध गराउने ।

ङ) आवाज नेपाल संस्थाले भीनपा ३ स्थित चरिकोटमा सन्चालन तथा व्यवस्थापन गरिरहेको सेफ हाउसमा खानेपानी व्यवस्थापनका लागि ५००० लि. को १ वटा टयांकी सि. नं. ३२ बाट खरिद गरी उपलव्ध गराउने ।

च) चरिकोट खानेपानी तथा सरसफाई संस्था र चरिकोट खानेपानी तथा सरसफाई समिति दुबै समितिलाई मिति २०८३ कार्तिक मसान्तभित्र साधारण सभा सम्पन्न गर्न पत्राचार गर्ने । लेखा परिक्षकबाट DDA को प्रतिवेदन प्राप्त भए पश्चात दुबै संस्थाको रोक्का खर्च खाता फुकुवा गर्ने ।

छ) भीमेश्वर नगरपालिकाको सि.नं. ६२५ को महिला आत्मनिर्भर कार्यक्रम रु २,००,०००/- विविध कारणले कार्यान्वयन गर्न असहज हुने भएकोले बृहत स्वास्थ्य शिविर कार्यक्रम रु १,५०,०००/- मा शिर्षकान्तर/रकमान्तर गर्ने र आगामी नगरसभामा अनुमोदन गराउने ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

इश्वर नारायण मानन्धर
नगर प्रमुख